**मिति २०८२/०७/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :**

निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिकामा रहेका नगर बसको व्यवस्थापनका लागि अध्ययन गरी १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्ने गरी तपसिलको अध्ययन समिति गठन गर्ने ।

तपसिल :

नगर बस व्यवस्थापन अध्ययन समिति

| सि.नं. | पदाधिकारी/कर्मचारीको नाम, थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | श्री गोपाल पुन, वडा अध्यक्ष, वडा नं. ४ | संयोजक | |
| २ | श्री समिर प्रताप सिंह, वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ३ | श्री रजनिश बाजपेयी, वडा अध्यक्ष, वडा नं. ८ | सदस्य | |
| ४ | श्री बसन्त कनोजिया, कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री पुष्पा सिंह, कार्यपालिका सदस्य | सदस्य | |
| ६ | श्री दिपेन्द्र श्रेष्ठ, प्रशासकीय अधिकृत | सदस्य-सचिव | |

निर्णय नं. २

**"सुर्खेत रोड गणेशमान चोक देखि कारकाँदो चोकसम्म फुटपाथ व्यवस्थापन तथा सौन्दर्यीकरण कार्य NSMC/NCB/W01/080/081"** को मिति २०८०।९।१२ मा सम्झौता भई मिति २०८१।०५।०९ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम २०८१।०७।३० गतेसम्म म्याद थप भएको र मिति २०८१।११।२३ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम २०८२।०२।२० गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिई कार्यान्वयन गर्ने निर्णय भएको र निर्माण ब्यवसायीबाट मिति २०८२।०२।२६ गते फाइनल बिल भुक्तानी र ठेक्का तोड्ने सम्बन्धमा निबेदन पेश भएको तथा सम्बन्धित प्राबिधिकबाट साइट क्लियर नभएको विवरण पेश भएको हुँदा सुविस्ताका आधारमा ठेक्का सम्झौता रद्ध गर्न आवश्यक देखिएकोले उक्त **"सुर्खेत रोड गणेशमान चोक देखि कारकाँदो चोकसम्म फुटपाथ व्यवस्थापन तथा सौन्दर्यीकरण कार्य NSMC/NCB/W01/080/081"** ठेक्काको फरफारक गरी सार्वजनिक खरिद ऐनको दफा ५९ (४) अनुरुप सुविस्ताका आधारमा रद्ध गर्ने ।

निर्णय नं. ३

मिति २०८२/०५/२४ गते भएको Gen-Z प्रदर्शनका क्रममा नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भएको आगजनीबाट औषधीको भण्डार कक्षमा रहेको सम्पूर्ण औषधीहरु जलेर नष्ट भएको हुँदा वडाका स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव रहेको, बजेट विनियोजन भएका वडा कार्यालयहरुलाई औषधी खरिदका लागि अनुमती प्रदान गरिएता पनि अधिकांश वडाहरुमा औषधी अभाव भई जनगुनासो भईरहेको अवस्थालाई मध्यनजर गर्दै वर्तमान समयमा भएको औषधी अभावका लागि अत्यावश्यकीय औषधी खरिद गर्न हाललाई अधिकतम रु.१०००००० ,०० (दश लाख) बराबरको औषधी खरिद गरी नियमीत आपूर्तिको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

**मिति २०८२/०७/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको बैठकका निर्णयहरु :**

निर्णय नं. ४

नेपालगञ्ज उद्योग वाणिज्य संघको पत्र संख्या ०८२/०८३/२६४, मिति २०८२/०७/३० गतेको पत्रानुसार प्रादेशिक महोत्सव, २०८१ को प्रवर्द्धन वापत रकम माग भै आएको र सो महोत्सवले नेपालगञ्ज उप-महानगरपालिकाको उद्योग, व्यापार, कृषि, जडीबुटी, पर्यटन, सूचना प्रविधिमा रोजगारी तथा व्यवसायिक उद्यमशाला र कला सँस्कृतिको प्रवर्द्धनमा समेत टेवा पुर्याएको हुँदा आ.व. २०८२/०८३ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने" कार्यक्रमबाट रु.३०००००.०० (तीन लाख) नेपालगञ्ज उद्योग वाणिज्य संघको नाममा अनुदान सहयोग उपलब्ध गराउने ।

निर्णय नं. ५

चालु आव २०८२/०८३ मा विभिन्न वडा कार्यालय एवं स्वास्थ्य कार्यालय भवन निर्माणको लागि कार्यालयको केन्द्र र वडाहरुबाट समेत बजेट विनियोजन भएकोमा सोको कार्यान्वयन सम्बन्धित वडाबाटै प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम खर्च गर्ने गरी देहाय बमोजिम रकम निकासा दिने ।

तपसिल:

| क्र. सं. | वडा नं | बजेट शिर्षक | रकम रु |
|---|---|---|---|
| १ | ३ | ३ नं वडा कार्यालय भवन निर्माण कार्य | २००००००।०० |
| २ | ६ | ६ नं वडा कार्यालय भवन निर्माण कार्य | २००००००।०० |
| ३ | ९ | ९ नं वडा कार्यालय भवन निर्माण कार्य | २००००००।०० |
| ४ | १४ | वडा नं १४ वडा कार्यालय भवन निर्माण कार्य | २००००००।०० |
| ५ | १९ | स्वास्थ्य भवन निर्माण वडा नं १९ | १५०००००।०० |
| ६ | २० | २० नं वडा कार्यालय भवन निर्माण कार्य | २००००००।०० |

निर्णय नं. ६

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री नन्दकिशोर कश्यप (कहार) मुटु (नेपाल सरकारले तोकेको कडा एवं दिर्घ) रोगका कारण बिरामी भई उपचाररत रहेका तथा उक्त रोगको उपचार खर्च अत्याधिक महँगो भई आर्थिक कठिनाई भएकोले सहयोग पाउँ भनि उल्लेखित वडा अध्यक्षबाट निवेदन प्राप्त हुन आएको हुँदा उपचार खर्च सँग सम्बन्धित कागजातहरुका आधारमा भुक्तानी गर्न चालु आ.व. को वजेट शिर्षकमा कुनै रकम विनियोजन नभएको हुँदा रु.५००००.०० (पचास हजार) को सीमा भित्र रहने गरी औषधी उपचार खर्च उपलब्धताको लागि नगर सभाको आगामी अधिवेशनमा प्रस्ताव लैजाने निर्णय गरियो ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका